स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

सू.नं. :

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना।

(दोस्रो पटक प्रकाशन मिति २०८२/१२/२४)

यस हेलम्बु गाउँपालिकाको कृषि तथा पशुपन्छी तथ्याङ्क संकलन तथा अध्यावधिक गर्ने प्रयोजनका लागि गणक पदमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएको हुँदा तपसिल बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र अर्थात २०८२।१२।३० गते सम्म माग बमोजिमको कागजात र राजश्व बुझाएको रसिद सहित दरखास्त आह्वानको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिलः</u>

| क्र.स. | विज्ञापन नं. | पद/तह | माग संख्या | आवश्यक योग्यता | दरखास्त दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | ०६-०८२/८३ | गणक/चौथो | ७ (सात)/प्रत्येक वडाको लागि १-१ जना | मान्यता प्राप्त संस्थाबाट S.E.E. वा सो सरह उत्तीर्ण गरेको। | ५००/- |

१. **संलग्न गर्नु पर्ने कागजातहरुः**

क. शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि।

ख. नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि।

ग. कामको अनुभव खुलेको कागजातहरुको प्रमाणित प्रतिलिपि (आवश्यक परेमा)

२. **उमेरको हदः** दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।

३. **दस्तुर बुझाउने स्थानः** हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयको नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडमा रहेको हेलम्बु गा.पा. आन्तरिक राजस्व खाताको खाता नं. 17001400000079 (GA.1.1 Helambu GA.PA. ANTARIK RAJASHO KHATA) मा रकम जम्मा गरी सक्कल भौचर पेश गर्नुपर्नेछ।

४. **दरखास्त फारम पाइने स्थानः** हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयको वेवसाइट *https://helambumun.gov.np/sample-forms* वा गाउँ कार्यपालिकाको कार्यालयबाट समेत प्राप्त गर्न सकिने छ।

५. **दरखास्त दिने स्थानः** हेलम्बु गाउँ कार्यपालिकाको कार्यालय, हेलम्बु, सिन्धुपाल्चोक वा *ito.helambumun@gmail.com* मा पनि पठाउन सकिने छ।

६. **दरखास्त दिने अन्तिम मितिः** २०८२।१२।३० गते कार्यालय समयभित्र।(दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सार्वजनिक विदा पश्चात कार्यालय खुल्ने पहिलो दिन।)

७. **परिक्षाको किसिमः** संक्षिप्त सूची प्रकाशन, लिखित तथा अन्तर्वार्ता।

८. **परिक्षा मितिः** कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।

९. **तलब स्केलः** नेपाल सरकारको प्रचलित नियमानुसार हुनेछ।(सेवा अवधि १ महिनाको लागि मात्र हुनेछ।)

१०. **प्राथमिकताः** स्थानीय हेलम्बुबासी तथा कृषि वा भेटेरिनरी विषय उत्तीर्ण गरेकोलाई प्राथमिकता दिइनेछ।

बेनि बहादुर मोक्तान
प्रमुख प्रशासकीय अधिकृत

(<u>पुनश्चः</u> थप जानकारीका लागि सम्पर्कः प्रशासन शाखाः- ९८४९९१२६०२, कृषि शाखाः ९८४१०९५६७०)

*"हेलम्बु गाउँपालिकाको अभियान, नमूना गाउँपालिकाको निर्माण"*

**Email: helamburm@gmail.com, info@helambumun.gov.np Website: helambumun.gov.np**